# सूचना

## विषयः- राजस्व भौचर सम्बन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, अर्घाखाँचीको प.सं. २०७८/७९, च.नं. १६५, मिति २०७८/११/०८ को पत्रानुसार जिल्ला स्थित सबै कार्यालय, गाउँपालिका र नगरपालिका र राजस्व जम्मा गर्ने संघ, संस्था र व्यक्ति समेतले बैंकमा जम्मा गर्ने राजस्व भौचरहरु दाखिला गर्दा अनिवार्य रुपमा अनलाइन प्रणालीबाट भौचर तयार गरी मिति २०७८/११/०९ देखि अनिवार्य अनलाइनमै दाखिला गर्नुहुन भनी लेखी आएको हुँदा सोहि बमोजिम गर्ने गरी सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

## अनलाइन भौचर तयार गर्ने प्रक्रिया

- LINK https://rajasho.fcgo.gov.np OPEN गर्ने
- प्रयोगकर्ता र पासवर्ड प्रविष्टी गरी लग-इन गर्ने र नयाँ भौचर तयारमा CLICK गर्ने,
- कर राजस्वको हकमा करदाता सेवा कार्यालय सन्धिखर्क छनौट गरी राजस्व बुझाउने बैंक छनौट गर्ने,
- के वापतको कर हो प्रविष्टी गर्ने, शिर्षक विवरण छनौट गर्ने, विवरण भर्ने, दाखिला गर्ने कर रकम भर्ने र कर दाखिला हुने आ.व. छनौट गरी भौचर जेनेरेट गरी प्रिन्ट गर्ने

**कर बैंक दाखिला तथा IPS बाट भुक्तानी समेत गर्न सकिन्छ**

अथवा

करदाताहरुले आन्तरिक राजस्व विभागको वेभसाइट https://ird.gov.np TAXPAYER LOGIN मा गई PAYMENT VOUCHER मा CLICK गरी राजस्व दाखिला गर्ने बैंक (नेपाल बैंक लि. तथा राष्ट्रिय वाणिज्य लि. मध्ये कुनै एक) छनौट गरी आफुले दाखिला गर्ने करको प्रकार (आयकर, मू.अ.कर, अन्तःशुल्क) , राजस्व शिर्षक ( आफुले कर दाखिला गर्ने राजस्व शिर्षक) , के वापतको कर हो , दाखिला गर्नुपर्ने कर रकम उल्लेख गर्ने र कुन आय वर्षको कर दाखिला हो सो आ.व. छनौट गरी GENERATE TRANSACTION CODE मा CLICK गरी भौचर जेनेरेट गरी IPS बाट भुक्तानी गर्ने भए CONNECTIPS मा CLICK गर्ने तथा बैंक दाखिला गर्ने भए भौचर प्रिन्ट गरी सम्बन्धित बैंकमा राजस्व दाखिला गर्न पनि सक्नुहुनेछ ।

ONLINE PAYMENT सम्बन्धि विस्तृत जानकारीको लागि आन्तरिक राजस्व विभागको वेभसाइट https://ird.gov.np मा गई AUDIO VISUAL अन्तर्गत राखिएको विद्युतीय भुक्तानी तरिकामा CLICK गरी विस्तृत जानकारी लिनुहुनको लागि अनुरोध छ।

## करदाता सेवा कार्यालय, सन्धिखर्क